# पटेर्वा सुगौली गाउँपालिका

## आर्थिक ऐन २०७६

## आ.व . २०७६/०७७

<u>**पटेर्वा सुगौली गाउँपालिकाको आर्थिक ऐन  २०७ ६**</u>

<u>**आर्थिक ऐन**</u>

**पटेर्वा सुगौली गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः**

पटेर्वा  सुगौली गाउँपालिकाको आर्थिक वर्ष ०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पटेर्वा सुगौली गाउँ सभाले यो ऐन बनाएको छ।

- **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ।

  (२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि पटेर्वा सुगौली गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

- **एकिकृत सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।
- **भूमि कर (मालपोत):** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।
- **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।
- **व्यवसाय करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।
- **जडिबुटी,कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।
- **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
- **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

- **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

- **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

- **पार्किङ शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

- **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

- **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

- **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

- **विक्री तथा निकासी शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्र भिब रहेका प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री तथा निकासी गरेवापत अनुसुची १४ बमोजिमको शुल्क लगाईने र असुल उपर गिरनेछ ।

- **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

- **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची १

(ऐनको दफा २ संग सम्बन्धित)

## सम्पत्ति करको दर

| क्र.स. | करयोग्यएकीकृत सम्पत्तिको मुल्य | चालु आ.व.को दर (वार्षिक) | आगामिआ.व. ०७५/०७६ को लागिप्रस्तावितदर (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १. | दशलाख रुपैया सम्म | - | प्रति लाख रु. १० | |
| २. | दश लाख १ देखि तीस लाखसम्म | - | प्रति लाख रु. १५ | |
| ३. | तीस लाख एक देखि १ करोड रुपैया सम्म | - | प्रति लाख रु. २० | |
| ४. | १ करोड १ रुपैया देखि माथि | | प्रति लाख रु. ३० | |

*नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।*

## अनुसूची २

(ऐनको दफा ३ संग सम्बन्धित)

## भूमीकर (मालपोत) को दर

१. भूमि कर (मालपोत)

| क.स. | जग्गा विवरण प्रति कठ्ठा | रकम |
|---|---|---|
| १ | ५ विगाह सम्म | ५ (पाँच) रुपैया |
| २ | ५ विगाह भन्दा माथि | ६ (छ) रुपैया |

बक्यौताको हकमा भने साविक बमोजिम असुल गरिनेछ ।

द्रष्टव्य :

(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका क्षेत्रका जग्गाको हकमा नापी हुनुभन्दा अघिको कित्ताको आधारमाप्रति कठ्ठा रु ३०० का दरले भूमीकर (मालपोत) लिइनेछ ।

(२) निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गारहेको किसिम अनुसारको दरमा ५० प्रतिशत छुट गरी लिइनेछ ।

(३) मालपोत वा भूमिकरको कूल रकम वार्षिक पचास रुपैयाँभन्दा कम हुनेभएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पचास रुपैयाँ कायम गरिनेछ।

(४) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

**अनुसूची ३**

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा १० (दश) प्रतिशतका दरले बहाल कर लिइने छ।

**अनुसूची ४**

## व्यवसाय इजाजत (दर्ता तथा नबिकरण) दस्तुरको दर

| क्रम संख्या | व्यवसायको किसिम | दस्तुर रकम रु | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | रु. १ लाख सम्मका व्यवसायहरु | ५०० | १०० | म्याद नाघेको हकमा ५० प्रतिशत |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका व्यवसायहरु | १००० | १५० | |
| ३ | रु. ५ लाख देखि रु.२० लाख सम्मका व्यवसायहरु | २००० | २५० | |
| ४ | रु. २० लाख देखि रु.५० लाख सम्मका व्यवसायहरु | ३००० | ५०० | |
| ५ | रु. ५० लाख देखि रु.१ करोड सम्मका व्यवसायहरु | ५००० | १००० | |
| ६ | रु.१ करोड भन्दा माथिका व्यवसायहरु | १०००० | १५०० | |
| ७ | **घ** वर्गको निर्माण व्यवसाय इजाजत | १०००० | ३००० | ५०० प्रतिलिपी दस्तुर |

## व्यवसाय करको दर

| क्रम संख्या | व्यवसायको किसिम | दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | एक लाख सम्म पूजि भएको व्यवसाय | ३०० | |
| २ | रु. १ लाख १ देखि ५ लाख सम्मका व्यवसायहरु | ५०० | |
| ३ | रु. ५ लाख १ देखि रु.२० लाख सम्मका व्यवसायहरु | १००० | |
| ४ | रु. २० लाख १ देखि रु.५० लाख सम्मका व्यवसायहरु | ३००० | |
| ५ | रु. ५० लाख १ देखि रु.१ करोड सम्मका व्यवसायहरु | ५००० | |
| ६ | रु.१ करोड भन्दा माथिका व्यवसायहरु | १०००० | |

## अनुसूची ५
## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क्र. सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, वनकस** | **०** | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | ० | |
| २. | खोटो प्रति के.जी. | ० | |
| ३. | जटिबुटीहरु (..................................................) प्रति के. जी. | ० | |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | ५ | |
| **ख)** | **कवाडी मालसामान .** | | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | १ | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | २ | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा | १ | |
| ४. | प्लाष्टिक (बोतल, भाडाकुडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रभित के.जी | ३ | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यँन्न अट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोराप्रभित | १ | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अट्ने सानो प्रभित गोटा | १ | |
| ७. | पुनः प्रशोधन (रिसाइकलि॰) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी.<br>टायरट्यूब प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी.<br>पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.<br>पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी.<br>धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू<br>(क) फलाम प्रति के.जी.<br>(ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | १<br>१<br>१<br>१<br>१<br>१<br>१<br>३<br>१<br>३<br>२<br>१<br><br>५<br>१५<br>३ | |

| | | | |
|---|---|---|---|
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.<br><br>पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी.<br>सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी.<br>का“चको धुलो र टुक्रा प्रति के.जी. | ४<br>४<br>४ | |
| ग) | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला**<br>हा“स, कुखुरा जस्ता पंछीहरूको प्वा“ख प्रति के.जी.<br>हाड प्रति के.जी.<br>सिंग प्रति के.जी.<br>खूर प्रति के.जी.<br>छाला (ठूलो) प्रति गोटा<br>छाला (सानो) प्रति गोटा | ५ | |

**अनुसूची ६**

## सवारी साधन करको दर

| क.स. | सवारी साधनको किसिम | वार्षिक करको दर (रकमरु) | कैफियत |
|---|---|---|---|
| १. | टाँगा | ३०० | |
| २. | रिक्सा | २०० | |
| ४. | विद्युतीय रिक्सा तथा स्कुटर | ३०० | |

**अनुसूची ७**

## विज्ञापन करको दर

| विज्ञापन सामग्रीको किसिम | करको दर (रकम रु) |
|---|---|
| ग्लो साइन बोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट | २ |
| वालपेन्ट विज्ञापन प्रति वर्ग फिट | १ |
| व्यानर बढीमा एक महिनाको लागि प्रतिगोटा | १०० |

## अनुसूची ८

## मनोरञ्जन करको दर

| क्र.स. | मनोरञ्जन व्यवसायको किसिम | वार्षिक करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रबेश शुल्कको पाँच प्रतिशत | |
| २. | जादू, सर्कस, चटक | दैनिक २०० | |

## अनुसूची ९

## बहाल बिटौरी शुल्कको दर

| क्र.सं. | सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका<br>क) भवन प्रति कोठा/सटर<br>ख) जग्गा प्रति कठ्ठा/रोपनी<br>ग) माछा पोखरी | <br>२०००<br>१०००<br>ठेक्काबाट | |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका<br>क) अस्थाई टहरा प्रति गोटा<br>ख) छाप्रा प्रति गोटा<br>ग) पसल प्रति गोटा<br>घ) आवास प्रति बर्गफीट | <br>१०००<br>५००<br>१०००<br>३ | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण | | |

| सि.नं. | विवरण | ईकाई | करको दररेट |
|---|---|---|---|
| १ | मासु पसल | प्रति पसल | २० |
| २ | सानो माछा तथा ठुलो माछा | प्रतिपसल | २० |
| ३. | टोकरी साग सबजी | प्रति टोकरी | १० |
| ४. | साग सबनी टायर गाडा/पिक अथप | प्रति टायर | १० |
| ५. | साइकल दोकानपसल | प्रतिपसल | - |
| ६. | ह्रांस कुखुरा आदीमा | प्रतिहास | १५ |
| ७. | चौपाया | प्रतिगोठा | - |
| ८. | मिठाई पसल | प्रतिपसल | १५ |
| ९. | माटो,भाडा पसल | प्रतिपसल | १० |
| १०. | फलफुल | प्रतिपसल | १५ |
| ११ | अन्य ठेला | प्रतिपसल | १० |
| १२ | ऋन्य | | १५ |

## अनुसूची १०
## पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने<br>क) बस, मिनीबस<br>ख) ट्रक, ट्याक्टर<br>ग) जीप, कार, भ्यान<br>घ) मोटरसाईकल<br>ङ) साइकल<br>च) गाडा (गोरु वा अन्य) | <br>२०<br>३०<br>२०<br>१०<br>५<br>२ | |
| २. | बस पार्कमा पार्किङ्ग गरिने<br>क) बस, मिनीबस<br>ख) ट्रक, ट्याक्टर<br>ग) जीप, कार, भ्यान | <br>५०<br>३०<br>१० | |
| ३. | अन्य सवारी | २० | |

## अनुसूची ११
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः दर

| |
|---|
| **हाललाई सम्भावना नरहेको** |

## अनुसूची १२
## सेवा शूल्क, दस्तुरको दर

| क. सं. | सेवा वा व्यवसायको किसिम | रकम रु | कैफियत |
|---|---|---|---|
| **क)** | **सेवा शुल्क** | | |
| १. | गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी देहायका सेवा वा व्यवसाय :<br>क) केबलकार<br>ख) ट्रेकिङ्ग<br>ग) कायाकिङ्ग<br>घ) क्यानोनिङ्ग<br>ङ) बञ्जी जम्प<br>च) जिपफ्लायर<br>छ) ऱ्याफ्टिङ्ग<br>ज) प्याराग्लाइडिङ्ग | हाल सम्भावना नरहेको । | |
| २. | गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा :<br>क) खानेपानी<br>ख) विजुली<br>ग) अतिथि गृह, चमेनागृह<br>घ) धर्मशाला, सामुदायिक भवन<br>ङ) पुस्तकालय<br>च) सभागृह<br>छ) फोहोरमैला व्यबस्थापन<br>ज) सरसफाई<br>झ) ढल निकास<br>ञ) सडक बत्ती<br>ट) शौचालय<br>ठ) पार्क<br>ड) स्नानगृह<br>ढ) पौडी पोखरी<br>ण)व्यायामशाला<br>त)गेष्टहाउस<br>थ) पर्यटकीय स्थल<br>द) छात्रावास<br>ध) हाटबजार<br>न) पशु बधशाला<br>प) शबदाहगृह<br>फ) धोवीघाट<br>ब) सडक<br>भ) बस पार्क<br>म) पुल<br>य) त्यस्तै अन्यसेवासुविधा | हाल सम्भावना नरहेको ।<br><br>(घ को लागि प्रति दिन ३०० का दरले लिने । | |

| | | | |
|---|---|---|---|
| ३. | ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क | हाल सम्भावना नरहेको । | |
| **ख)** | सिफारिस तथा दस्तुर | | |

| | **सिफारीसर प्रमाणित** | | |
|---|---|---|---|
| | **विवरण** | **विस्तृतविवरण** | **दर** |
| १ | घरजग्गा नामसारी सिफारीस | ५कठ्ठा सम्म | ३०० |
| | | ५ देखि १० कठ्ठा सम्म | ४०० |
| | | १० देखि १ बिगाहसम्म | ६०० |
| | | १ विगाहभन्दा माथि | ८00 |
| | | | |
| २ | मोही लगत कट्टा सिफारीस | मोहीलगतकट्टा १ विगाह सम्म | ६०० |
| | | १ विगाहभन्दा माथि ५ विगाहसम्म | ८०० |
| | | ५विगाह भन्दा माथी | १२०० |
| | | मोहीनामसारी | २०० |
| ३ | घर कायम सिफारीस | पक्कीघर (प्रति कठ्ठा) | १००० |
| | | कच्ची घर (प्रति कठ्ठा) | २०० |
| ४ | सरजमिन सिफारीस दस्तुर | | ५०० |
| ५ | छात्रवृति सिफारीस बैदेशिकप्रयोजन | | ५०० |
| ६ | विपन्न/असहायविद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क |
| ७ | अपाङ्गताभएको सिफारीस | | निशुल्क |
| ८ | बकसपत्रसिफारिस | | ५०० |
| ९ | बकसपत्रसिफारिस महिला | | २५० |
| १० | शेषपछिकोबकसपत्र सिफारिस | | ४०० |
| ११ | अंशवण्डा सिफारिस | | ४०० |
| १२ | अस्थायीबसोवास सिफारिस | | १५० |
| १३ | स्थायीबसोबास सिफारीस | | २०० |
| १४ | नागरिकतासिफारीस | वंशज | 000 |
| | | अंगिकृत | 0000 |
| १५ | विद्युतजडान सिफारीस | | 000 |
| १६ | टेलिफोनसिफारिस | | ५०० |
| १७ | हलोजुवा काठसिफारिस | | १०० |
| १८ | काठसिफारिस कुकाठ गोलीया | | ५०० |
| १९ | काठसिफारिस कुकाठ दाउरा | | ५० |
| २० | निजिआवादी काठ सिफारिस | | १०० |
| २१ | खयर सिफारिस | | ३००० |
| २२ | मोठश्रेस्ता सिफारिस | | १०० |
| २३ | छुटजग्गा सिफारिस प्रति कठ्ठा | | १००० |
| २४ | सम्बन्धविच्छेद राय सिफारिस | | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २५ | रकमअसुलीमा विगोको मिलापत्र | | ५प्रतिशत | |
| | २६ | नगदरसित समेत प्रमाणित | | २५ | |
| | २७ | भरुवाबन्दुक नविकरण सिफारिस | | १०० | |
| | २८ | पेन्सन सिफारिस स्वदेश | | १०० | |
| | २९ | पेन्सन सिफारिस भारत | | १००० | |
| | ० | पेन्सन सिफारिस तेस्रो मुलुक | | १५०० | |
| | ३१ | पेन्सन नामसारी स्वदेश | | १०० | |
| | ३२ | पेन्सन नामसारी भारतीय | | २०० | |
| | ३३ | पेन्सन नामसारी तेस्रो मुलुक | | ५०० | |
| | ३४ | ० | 0 | 0 | |
| | ३५ | द्वन्दपिडित सिफारिस | | १०० | |
| | ३६ | लालपुर्जाको फोटो टास | | १०० | |
| | ३७ | धारा जडानसिफारीस | | १०० | |
| | ३८ | जीवितरहेको सिफारीस | | १०० | |
| | ३९ | दुबैनाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १०० | |
| | ४० | व्यवसायबन्द सिफारीस | | १०० | |
| | ४१ | व्यवसायसञ्चालन नभएको सिफारीस | | १०० | |
| | ४२ | व्यापारव्यवसाय नभएको सिफारीस | | १०० | |
| | ४३ | कोर्टफी मिनाहा सिफारीस | | निशुल्क | |
| | ४४ | नाबालकपरिचयपत्र सिफारीस | | ५० | |
| | ४५ | चौपायासम्बन्धी सिफारीस | | ५० | |
| | ४६ | व्यवसायदर्ता सिफारीस | | ५०० | |
| | ४७ | उद्योगठाउँसारी सिफारीस(निजी) | | ५०० | |
| | ४८ | विद्यालयठाउँसारी सिफारीस(निजी) | | १००० | |
| | ४९ | आन्तरिकबसाइसराइ सिफारीस | | १०० | |
| | ५० | विद्यालयसञ्चालन स्वीकृत कक्षा वृद्दि/सिफारीस | | ५०० | |
| | ५१ | व्यक्तिगतविवरण सिफारिस/ नवीकरण सिफारीस | | १०० | |
| | ५२ | जग्गादर्ता सिफारीस | | ५०० | |
| | ५३ | संरक्षकसिफारीस व्यक्तिगत | | १०० | |
| | ५४ | संरक्षकसिफारीस संस्थागत | | २०० | |
| | ५५ | नेपालसरकारकोनाममा बाटो कायम सिफारीसव्यक्तिगत | | १०० | |
| | ५६ | कोठाखोल्न कार्य रोहबरमा बस्नेसिफारीस | | २०० | |
| | ५७ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्कउपचारको लागि | निशुल्क | |
| | | | सशुल्क उपचारको लागि | | |
| | ५८ | संस्थादर्ता सिफारीस | | ५०० | |
| | ५९ | जग्गाधनीपुर्जा हराएको सिफारीस | | १०० | |
| | ६० | जीवितसँगको नाता प्रमाणित | | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६१ | मृतकसँगकोनाता प्रमाणित | | १०० | |
| | ६२ | आर्थिकअवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५०० | |
| | ६३ | आर्थिकअवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क | |
| | ६४ | जग्गामुल्याङ्कन सिफारीस/ प्रमाणित | | १०००मा १ रुपैया | |
| | ६५ | चारकिल्लाप्रमाणित | | १०० | |
| | ६६ | जन्ममितिप्रमाणित | | १०० | |
| | ६७ | घर बाटो प्रमाणित | बाटोभएको | २०० | |
| | | | बाटो नभएको | १०० | |
| | ६८ | विवाहप्रमाणितजन्म सिफारिस प्रमाणित | | १०० | |
| | ६९ | घरपाताल प्रमाणित | | १०० | |
| | ७० | कागज/मञ्जुरिनामा प्रमाणित | | १०० | |
| | ७१ | हकवालावा हकदार प्रमाणित | | १०० | |
| | ७२ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५०० | |
| | | | कच्ची | ५०० | |
| | ७३ | अविवाहितप्रमाणित | | १०० | |
| | ७४ | | ५कठ्ठा सम्म | ३०० | |
| | ७५ | अपुतालिसिफारिस | ५-१०कठ्ठा सम्म | ४०० | |
| | ७६ | | १०-१विगाह सम्म | ६०० | |
| | ७७ | | १विगाह भन्दा माथि | ८०० | |
| | ७८ | अन्यसिफारीस वा प्रमाणित | | १०० | |

- ३५ दिन भित्र घटना दर्ता निःशुल्क हुने त्यस पश्चात यस ऐन बमोजिम हुनेछ ।

## अनुसूची १३

## पर्यटन शुल्कको दर

| गाउँकार्यपालिकाले पछि निणर्य गरि लागु गर्नेछ |
|---|

## अनुसूची १४

## विक्री तथा निकासी शुल्क दस्तुरको दर

| क. सं. | विक्री तथा निकासी हुने बस्तु | शुल्क दस्तुर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री प्रति घनफीट : | | |
| | क) ढुंगा, गिट्टी र बालुवा | रु.४ | |
| | ख) माटो | रु.१ | |
| | ग) काठ दाउरा | | |
| | घ) जराजुरी | | |
| | ड) स्लेट | | |
| २. | आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी प्रति घनफीट : | | |
| | क) ढुंगा, गिट्टी, बालुवा, | रु.०.४० | |
| | ख) माटो | रु.०.१० | |
| | ग) काठ दाउरा | | |
| | घ) जराजुरी | | |
| | ङ) स्लेट | | |

## अनुसूची १५

## घर जग्गा नक्सा पास दर रेट

| क्र.सं. | भवनको किसिम | नक्सा पास दस्तुर | प्रति बर्ग फिट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | आवासिय | ५५० | निःशुल्क | |
| २. | व्यापारिक | १००० | रु. १ | |
| ३ | औद्योगिक | १००० | रु. १.५० | |